जापान बाहिर क्षयरोगको उपचार गराउन चाहानु हुने महानुभावहरु

"जापानमा क्षयरोगको उपचार शुरु गरियो तर स्वदेश फर्कन पर्ने बाध्यता भयो"
"स्वदेश फकिर्ए पछि कुन अस्पतालमा जचाउदा हुन्छ भन्ने थाहा छैन"
"स्वदेश फर्किए पछि पनि त्यस्तै उपचार गराउन पाउने कुरामा चिन्ता छ"

तपाई र तपाईको महत्वपूर्ण व्यक्तिहरुको स्वास्थ सुरक्षाका निम्ति क्षयरोगको उपचार अन्त सम्म पूर्णता दिनु जरुरी छ !
उपचारको क्रमको विचमा जापान छोडेर जानुपर्ने संवन्धमा विभिन्न चिन्ता पिर लिनु हुनेहरुलाई मन शान्त गर्न,
स्वदेश फिर्ता भए पछि पनि ढुक्कका साथ उपचारलाई निरन्तरता दिन हामी (Bridge TB care : BTBC) सहयोग गर्ने छौ ।

BTBC भनेको के हो ?

BTBC भनेको "क्षयरोग अनुसन्धान केन्द्र "The Research Institute of Tuberculosis,Japan Anti-tuberculosis Association" बाट उपलब्ध, क्षयरोगको उपचार गरिरहेको जापानबाट विदेश जानु पर्ने विरामीलाई विदेशको क्षयरोगसँग सवन्धित स्वास्थ केन्द्र सँग समन्वय गरिदिने कार्यक्रम हो । "जापानको जनस्वास्थ्य केन्द या चिकित्सा संस्था" तथा "विदेशको चिकित्सा संस्था" विच समन्वय गरि, सबैले विदेशमा पनि उपयुक्त उपचार गर्न पाउने गरि सहयोग गर्नेछौ ।

BTBC को सामान्य प्रक्रिया

STEP 1
स्वास्थ्य केन्द्र या चिकित्सा संस्थाले विरामीबाट स्वदेशमा उपचार गराउन चाहान्छु" " BTBC को सहयोग लिन चाहान्छु" भन्ने मनसाय बु´नेछ ।

STEP 2
स्वास्थ्य केन्द या चिकित्सा संस्थाले विरामीबाट आवश्यक जानकारी संकलनका लागि सोधपुछ गर्ने छ । यी जानकारीहरु 'विरामी परिचय फराम' मा भरेर 'मञ्जुर पत्र' सँगै BTBC मा पठाइने छ ।

STEP 3
BTBC का जिम्मेवार व्यक्तिले विदेशका संवन्धित व्यक्तिहरुसँग सम्पर्क गरि, विरामी जाने देशमा स्वास्थ्य परिक्षण गर्न सकिने चित्किसा संस्थाहरु खोज्ने छ । चिकित्सा संस्था निर्धारीत भए पछि, स्वास्थ्य संस्था, चिकित्सा संस्था र विरामीलाइ जानकारी उपलब्ध गराइनेछ ।

STEP 4
विदेश पुगे पछि यथाशिध्र परिचय गराइएको चिकित्सा संस्थामा परिक्षण गराउनु होला । आवश्यकता अनुसार BTBC को संवन्धि व्यक्ति, साथै विदेशको जिम्मेवार व्यक्तिले विरामीलाई सम्पर्क गरि स्वास्थ्य परिक्षणमा सहयोग गर्नेछ ।

STEP 5
उपचारको क्रममा केही चिन्ता पिर या समस्या भएमा BTBC को जिम्मेवार व्यक्तिलाई सुम्पर्क गर्नुहोला । केही पनि नभएमा उपचार सकिने समयमा उपचार पूर्ण भयो या भएन भन्ने जानकारी लिन सम्पर्क गरिने छ । (अवस्था अनुसार विदेशको संवन्धित व्यक्तिलाई मात्र पनि सम्पर्क गरिन सक्दछ।) जापानको जन स्वास्थ्य कार्यकर्ता तथा चिकित्सक पनि विरामीले पूर्ण उपचार पाए या पाएन भनि चिन्ता मानिरहेको हुन्छ । उहाँहरुलाई विरामीको उपचार क्रम बारे जानकारी दिनु पनि BTBC को दायित्व हो ।

Your timetable

अवधि			करिब (महिना/तारीक)	उपचार	विरामीले गर्नुपर्ने कार्य	अन्य
STEP 1	विदेश जानु अगाडि	रिफर~ विदेश जाने सम्म	/ तिर	उपचार गरि रहेको	स्वास्थ कार्यकर्ता या चिकित्सकलाइ विदेश जाने विचार व्यक्त	
STEP 2			/ तिर		मञ्जुर पत्रमा हस्ताक्षर	SNS एकाउण्टमा साथि पनि बन्न सकिने (*)
STEP 3			/ तिर		स्वास्थ्य केन्द्र या जिम्मेवार चिक्सिकबाट विदेशको चिक्सिा संस्थाको परिचय (रिफर) पत्र लिनु	
STEP 4	विदेश गएपछि	विदेश गएको~ करिव एक महिना पछि	/ तिर	उपचार समाप्त हुने मिति / तिर	परिचय गराएको संस्थामा परिक्षण (Dots नोट कपि, औषधि र परिचय पत्र नार्विर्सिकन साथमा राख्ने)	
STEP 5		सहयोग समाप्त हुने सम्म	/ तिर		उपचार क्रममा साइड इफेक्ट आदिले शरीर स्वस्थ नभएमा, यथाशिध्र स्वस्थ्य संस्थामा परिक्षण गराउने	

Q & A

Q1. व्यक्तिगत विवरणको सुरक्षा हनेछ ?

A1. अवश्य, व्यक्तिगत विवरणको सुरक्षा हुने भएकोले ढुक्क रहनुहोस ।

Q2. पिर चिन्ता दिन नचाहेकोले परिवारलाई जानकारी गराउन चाहदिन ।।।

A2. परिचय पत्रमा परिवारको सम्पर्क विवरण नलेखे पनि फरक पर्दैन । यस अवस्थामा निश्चित रुपमा सम्पर्क हुने आफ्नो सम्पर्क नम्बर जानकारी गराउनु होला । विदेश पुगेपछि परिक्षण गर्नु पर्ने अस्पताल निर्धारित गरिएको हुन्छ ।

Q3. विदेश पुगेपछि परिक्षण गर्नु पर्ने अस्पताल निर्धारित गरिएको हुन्छ ।

A3. क्षयरोगको उपचार सम्भव छ छैन बुझेर, सकेसम्म विरामीको इच्छा अनुसार मिलाउने छौं ।

Q4. विदेश गएपछि पनि उस्तै उपचार गर्न सकिन्छ ?

A4. जूनसूकै देशमा पनि विश्वमा प्रचलित औषत उपचार गर्न सकिन्छ । (औषधिको किसिम चाहि देश अनुसार फरक पर्न सक्दछ)

तपाईका निम्ति फाइदा

१ जापानबाट निस्किए पछि उपचारलाइ निरन्तरता दिनका लागि चिक्सिा संस्था खोजिरहनु पदैन ।

२ जापानमा गरिएको उपचारका जानकारी विदेशको चिक्सिा संस्थालाई उपलब्ध गराई उपचारलाई सहज रुपमा निरन्तरता दिन सकिन्छ ।

३ परिक्षण र उपचार पुन शुरुबाट नै गर्नु पर्ने आवश्यकता रहदैन ।

४ वुझनलाई पनि गाह्रो उपचार विवरण र उपलब्धिहरु बारे आफैले बताइ रहनु पर्ने आवश्यक पदैन ।

सम्पर्क

केहि चिन्ता पिर या समस्या भएमा निर्धक्कका साथ सम्पर्क गर्नुहोला

Department of Epidemiology and Clinical Research
The Research Institute of Tuberculosis
Japan Anti-tuberculosis Association

Akihiro Ohkado, Lisa Kawatsu, Yuko Hamaguchi, Sangim Lee

〒204-8533 कियोसे माचुयामा 3-1-24, टोक्यो
Tel : 042-493-5517 Fax : 042-493-5340
Mail : bridgetb@jata.or.jp

हामी तपाईको क्षयरोगको हेरचाहका निम्ति समन्वय गर्दछौं